नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
जावलाखेल, ललितपुर

५-४३७१३५
५-४३७१३७
५-४३७२१०
५-४३७३११
५-४३७३१२
५-४३७३०८
५-४३७३०६
५-४३७३०२

एक्स:- ५-४३५३८२
५-४२७४४२

फ्याक्स : ९७७-१-५४३७१६९
वेबसाइट: https://wwwdwri.gov.np

प.सं :
च.नं :

# धाप बाँध सम्बन्धि प्रेस विज्ञप्ती

विगत केहि दिन देखी सामाजिक सञ्जालमा काठमाण्डौको सुन्दरीजल माथि शिबपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जमा रहेको धाप बाँधमा पहिरो गई चिरा परेको र बाँध फूट्न सक्ने खतरा रहेको भन्ने जस्ता सामग्री प्रसारण भई जनमानसमा भय/त्रास फैलिएको सम्बन्धमा यस विभागको गम्भिर ध्यानाकर्षण भएको छ।

सो सम्बन्धमा सत्य तथ्य निम्नानुसार भएको व्यहोरा प्रष्ट पार्न चाहान्छौं।

१) सामाजिक सञ्जालमा अफवाह फैलाइए जस्तो बाँधको मूख्य भागमा कुनै चिरा परेको नभई बर्षातको पानीले मिति २०८३ भाद्र २४ गते १ नं स्याडल ड्यामको उत्तर तर्फको खोल्सिमा भूक्षय तथा पहिरो गएको र सडकको तल्लो छेउमा लगाईएको ग्याबियन पर्खाल केहि मात्रामा भासिएको अवस्था हो।

२) उक्त पर्खाल भासिएकै दिन देखि आयोजनाका प्राबिधिकहरुबाट प्रत्यक्ष निगरानी गरी तत्कालै संरक्षणका कार्यहरु शुरु गरिएको थियो।

३) मिति २०८३ भाद्र २६ गते जलस्रोत तथा सिंचाइ बिभागका महानिर्देशकज्यू सहितको विभाग तथा आयोजनाका प्राबिधिकहरु, चन्दननाथ गण (शिबपुरी निकुञ्ज) का गणपति, प्रमुख सेनानीज्यू सहितको नेपाली सेनाको टोली र दातृ निकाय एशियाली बिकास बैंक (ADB) का विज्ञ सहित को टोलीले सो ठाउँको स्थलगत निरिक्षण तथा अवलोकन गरी बाँधमा कुनै खतरा नरहेको निष्कर्ष सहित भासिएको पर्खालको सुरक्षाको लागि आवश्यक आपतकालिन कार्य गर्न निर्देशन दिईएको थियो।

४) तत्पश्चात आयोजना कार्यालयबाट तत्कालै वरपरको अग्लो भूभागबाट आउने बर्षातको पानी छेक्ने, सडकको नालामा आउने पानी सुरक्षित रुपमा तल खोल्सिमा पठाउने र पर्खालमा थप क्षति हुन नदिन प्लाष्टिक तथा पालले ढाकेर सुरक्षित गर्ने जस्ता कार्यहरु सम्पन्न गरिसकेको छ।

५) तसर्थ, धाप बाँधमा सामाजिक सञ्जालमा आएजस्तो बाँध चिरा परेको, बाँध फुट्न लागेको भन्ने अफवाहमा कुनै सत्यता नरहेको कुरा सम्पुर्ण सरोकरवालाहरुको जानकारीका लागि अनुरोध छ।

प्रवक्ता

जलस्रोत तथा सिंचाइ बिभाग, जावलाखेल, ललितपुर